आज मिति २०७६ असोज १५ गते सुन्दरबजार नगरपालिका नगर कार्यपालिकाको ६२ औं बैठक नगर प्रमुख श्री जनकराज मिश्रज्यू को अध्यक्षतामा बस्यो । उक्त बैठकको उपस्थिति तपसिल बमोजिम रहयो ।

तपसिल :

| क्र.सं | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री जनकराज मिश्र | नगर प्रमुख | |
| २. | श्री भानु शाह | नगर उप प्रमुख | |
| ३. | श्री सूर्य बहादुर दुरा | वडा अध्यक्ष - १ | |
| ४. | श्री भगत बहादुर खड्का | का वा वडा अध्यक्ष-२ | |
| ५. | श्री अमृत नेउपाने | वडा अध्यक्ष - ३ | |
| ६. | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष - ४ | |
| ७. | श्री ललित गुरुङ | वडा अध्यक्ष - ५ | |
| ८. | श्री रघुनाथ मिश्र | " " - ६ | |
| ९. | श्री जयराम रेग्मी | " " - ७ | |
| १०. | श्री कृष्ण कान्त अधिकारी | " " - ८ | |
| ११. | श्री मोति प्रसाद गुरुङ | " " - ९ | |
| १२. | श्री जय बहादुर अधिकारी | " " -१० | |
| १३. | श्री प्रेम बहादुर दुरा | " " -११ | |
| १४. | श्री भवानी के.सी | नी.का.स. | |
| १५. | श्री लक्ष्मी पोखरेल | " " " | |
| १६. | श्री चन्द्रमा घिमिरे | " " " | |
| १७. | श्री बुद्ध कुमार सुनवेका | " " " | |
| १८. | श्री शान्ता भुसाल | " " " | |
| १९. | श्री सुरेश कुमार दुरा | " " " | |
| २०. | श्री राजेन्द्र दर्जी | " " " | |
| २१. | श्री तेजराज शर्मा | सचिव | |

## नगर कार्यपालिकाको मिति २०७६।०६।१५ गतेको ६२ बैठकका निर्णय

**निर्णय नं. १**

यो बैठक नेपाली मात्रको महान चाड बडादशैको पावन अवसरमा सम्पूर्ण नगरवासीहरूमा सुख, शान्ति र प्रगतिको कमना गर्दछ।

**निर्णय नं. २**

यो बैठक दुल्लु नगरपालिका, कर्णाली प्रदेश नेपालबाट यस नगरपालिकामा सरूवा भई आजै मात्र हाजिर हुनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री तेजराज शर्मालाई हार्दिक स्वागत गर्दै वहाँको सफल कार्यकालको शुभकामना व्यक्त गर्दछ।

**निर्णय नं. ३**

यस नगरपालिकाको कृषि शाखा र पशु सेवा शाखा अन्तर्गत करार सेवाका कर्मचारीहरूको भाद्र १ गतेदेखी लागू हुने गरी म्याद थप गर्ने र निजहरूको खाईपाइ आएको तलब भत्ता भुक्तानी गर्ने निर्णय गर्दछ।

**निर्णय नं. ४**

जिल्ला समन्वय समिति लमजुङ र यस नगरपालिकाको लागत साझेदारीमा सम्पन्न भएको तार्दी खोला खानेपानी आयोजना र सुन्दरबजार अस्पताल निर्माणको यस नगरपालिकाको साझेदारीको रकम भुक्तानि दिने।

**निर्णय नं. ५**

सुन्दरबजार नगरपालिका १, कुन्छामा सडकबोर्ड नेपाल र यस नगरपालिकाको लागत साझेदारीमा सम्पन्न सडक निर्माण यस नगरपालिकाको साझेदारी बमोजिमको रकम भुक्तानी दिने।

**निर्णय नं. ६**

प्राविधिक शाखामा कार्यरत ईञ्जिनियर तथा सव इञ्जिनियर हरूको २०७६ श्रावण १ गतेदेखी आश्विन मसान्त सम्म खाईपाई आएकै तलब भत्ता दिने गरी म्याद थप गर्ने र हाल नेपाल सरकारले तोकेको न्यूनतम तलब, भत्ताको नपुगसम्मको रकम प्रोत्साहन स्वरूप उपलब्ध गराउने। साथै यसरी नगरपालिकामा म्याद थप गरिएका प्राविधिक कर्मचारीहरूको नेपाल सरकारले तोकेको न्यूनतम तलब भत्ता पाउने गरी कार्तिक महिनादेखी म्याद थप गर्ने।

**निर्णय नं. ७**

सुन्दरबजार नगरपालिकाको शिक्षा शाखामा कार्यरत शाखा प्रमुख एवं उप-सचिव तहमा कार्यरत कर्मचारीलाई मासिक रूपमा नवढ्ने गरी आवास वापत रू १००००।०० (दश हजार मात्र) खाना वापत रू १०,०००।०० (दश हजार) र सञ्चार बापत रू १०००।०० (एक हजार मात्र) प्रदान गर्ने।

**निर्णय नं. ८**

मिति २०७६ भाद्र २२ गते निजामति सेवा दिवस मनाउने सिलसिलामा हाजिरी जवाफ प्रतियोगिता व्यवस्थापनका लागि यस नगरपालिकालाई आर्थिक सहायता शिर्षकबाट रू२०,०००।०० (विस हजार मात्र) जिम्मामा परेकाले उक्त रकम जिल्ला प्रशासन कार्यालय, लमजुङलाई भुक्तानी दिने।

**निर्णय नं. ९**

दशैं पूजाखर्च सम्वन्धमा पाउँदी प्रहरी बिट, कुन्छा प्रहरी चौकी र दुराडाँडा प्रहरी चौकीलाई रू ५०००।०० (अक्षेरूपी पाँच हजार ) सुन्दरबजार प्रहरी चौकीलाई रू १०,०००।० (अक्षेरूपी दश हजार मात्र) र इलाका प्रहरी कार्यालय भोटेओडारलाई रू १५०००।०० (अक्षेरूपी पन्ध्र हजार) आर्थिक सहयोग शीर्षकबाट उपलब्ध गराउने।

**निर्णय नं. १०**

यस नगरपालिकामा कार्यरत सवारी चालकहरूलाई कार्तिक महिनाबाट नेपाल सरकारले हलुका सवरी चालकलाइ तोकेको तलब भत्ता उपलव्ध गराउने।

**निर्णय नं. ११**

यस नगरपालिकाबाट सेवा करार सम्झउता भएका सेवा करारका कर्मचारीहरूलाई एक महिना बारावरको न्यूनतम तलब भत्ता यस आर्थिक वर्षको लागि प्रोत्साहन स्वरूप उपलव्ध गराउने।

**निर्णय नं. १२**

नेपाल सरकारबाट निवृत्तिभरण पाउने जनप्रतिनिधिहरूलाई प्रदेश सभाले पारित गरेको कानुन बमोजिम सेवा सुविधा उपलव्ध गराउने।

**निर्णय नं. १३**

चन्द्रेश्वर प्राथमिक स्वास्थ्य केन्द्र र शहरी स्वास्थ्य केन्द्र भोटेवोडारले विद्युत उपभोक्ता समिति लमजुङलाई भुक्तानि गर्नुपर्ने विद्युत महशुल पानी बिजुली शीर्षकबाट भुक्तानी दिने।